कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

# छात्रवृत्ति आवेदन फाराम भर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८३/०४/२९

कमलामाई नगरपालिका क्षेत्रभित्र सञ्चालित संस्थागत (निजी) विद्यालयहरूमा शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा कमलामाई नगरपालिकाको **शिक्षा ऐन/नियमावली** बमोजिम कूल विद्यार्थी सङ्ख्याको कम्तीमा १० प्रतिशत आरक्षित छात्रवृत्ति वितरण गर्नुपर्ने व्यवस्था रहेको छ ।

तसर्थ, आ.व. २०८३/०८४ का लागि नगरभित्रका संस्थागत विद्यालयहरूमा कक्षा नर्सरी देखि कक्षा १२ सम्म अध्ययनरत **स्थानीय** जेहेन्दार, महिला, दलित, अपाङ्गता भएका, **विपन्न तथा पिछडिएका/जनजाति वर्गका विद्यार्थीहरूबाट** छात्रवृत्तिका लागि आवेदन आह्वान गरिन्छ। इच्छुक र योग्य विद्यार्थी / अभिभावकहरूले तोकिएको म्यादभित्र आवश्यक कागजातसहित आवेदन फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

- **आवेदन फाराम बुझाउने अन्तिम मिति:** २०८३/०५/२० गते कार्यालय समयसम्म ।
- **फाराम प्राप्त गर्ने र बुझाउने स्थान:** कमलामाई नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा।

**आवश्यक न्यूनतम कागजातहरू:**

१. विद्यार्थीको जन्म दर्ता/नागरिकताको प्रतिलिपि ।

२. अभिभावकको नागरिकताको प्रतिलिपि ।

३. गत वर्षको वार्षिक परीक्षाको ग्रेडसिट/मार्कसिटको प्रतिलिपि (जेहेन्दारको हकमा)।

४. स्थानीय वडा कार्यालयको विपन्नता/सिफारिस पत्र ।

५. महिला, दलित, अपाङ्गता, जनजाति वा सीमान्तकृत समुदाय खुल्ने आधिकारिक प्रमाण-पत्र ।

६. हालै खिचेको पासपोर्ट साइजको फोटो (२ प्रति)।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. : +९७७-०४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८
Phone No. : +977-047-520596, 520512, 520240, 520251, 520245, 520608
E-mail : kamalamaimun.sindhuli@gmail.com
Web Site : kamalamaimun.gov.np

कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

*(शिक्षा, युवा तथा खेलकुद शाखा)*

# संस्थागत विद्यालय छात्रवृत्ति आवेदन फाराम

आवेदकको पासपोर्ट साइजको फोटो (निवेदक आफैले प्रमाणित गर्ने)

श्री शाखा प्रमुखज्यू ,
शिक्षा, युवा तथा खेलकुद शाखा
सिन्धुली ।

म कमलामाई नगरपालिका वडा नं ... मा स्थाई बसोबास भएको तथा हाल क.न.पा.वडा नं.....मा रहेको संस्थागत विद्यालय श्री.................................................को कक्षा....... ..मा अध्ययन गरिरहेको विपन्न एवम् जेहेन्दार / महिला / दलित वा जनजाति/ अपाङ्ग विद्यार्थी भएकोले मेरो अध्ययनको निरन्तरताको लागि सोही विद्यालयमा छात्रवृत्तिको सिफारिस गरीदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

१. विद्यार्थीको पुरा नाम, थर (देवनागरीमा) :- महिला ☐ पुरुष ☐

विद्यार्थीको नाम, थर (English Block Letter) :-

२. हाल अध्ययन गरिरहेको विद्यालयको नाम र ठेगानाः कक्षा:-

३. स्थायी ठेगानाः

क) प्रदेश ख) जिल्लाः ग) स्थानीय तहः घ) वडा नं

४. बुबाको नाम थरः पेसा : मोबाइल नं

५. आमाको नाम थरः पेसा : मोबाइल नं

६ . विद्यार्थीले अघिल्लो कक्षामा प्राप्त गरेको प्राप्ताङ्क प्रतिशत / जिपिएः

७ . यस अगाडि पढेको विद्यालयको नाम र ठेगाना :-

९. आफूले कुन समूहबाट आवेदन दिन चाहेको हो ? (कुनै १ कोठामा चिहन लगाउनुहोस् ।)

**क) जेहेन्दार ख) आर्थिक विपन्नता ग) महिला घ) अपाङ्गता ङ) दलित वा जनजाति**

माथि उल्लिखित विवरण ठीक साँचो हो। फरक परेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

आवेदकको नाम थरः.......................................... आवेदकको दस्तखतः..................................

कमलामाई नगरपालिका सिन्धुली
दर्ता नं:- ३९२
मितिः- ४।२९

वडाको सिफारिसः
वडाध्यक्षको दस्तखतः

वडाको छाप

१. आफूले आवेदन दिन चाहेको समूह क र ख को लागि सम्बन्धित वडाको सिफारिस तथा समूह ख,घ र ङ प्रमाणित हुने प्रमाण पत्र निवेदनसाथ संलग्न हुनु पर्ने छ ।